# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
## मधेश प्रदेश, नेपाल

# स्यानिटरी प्याड खरिदकार्यको बोलपत्र आब्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकासित मिति : २०७८/१२/०९**

यस नगरपालिकाबाट आ.ब. २०७८/०७९ का लागि स्वीकृत बार्षिक कार्यक्रम बमोजिम स्यानिटरी प्याड खरिद गर्नु पर्ने भएकोले ईच्छुक ईजाजतप्राप्त फर्म वा कम्पनीबाट निर्धारित सर्तहरुको अधिनमा रही बोलपत्र आब्हान गरिन्छ ।

**सर्तहरुः**

१) यो सूचना प्रकासित भएको मितिले ३०औं दिनसम्म रु.३०००।-(पछी फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा बुझाई बोलपत्र फारम खरिद गर्न सकिनेछ । बोलपत्र ३१ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । तर बोलपत्र खरिद तथा दर्ता गर्ने अन्तिमदिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट सोही समयमा खरिद तथा दर्ता गर्न सकिनेछ ।

२) बोलपत्रफाराम खरिद गर्न निवेदनका साथ स्यानिटरी प्याड बिक्री गर्ने इजाजतपत्र, आ.ब. २०७७/०७८ सम्मको कर चुक्ता भएको प्रमाण वा कर विवरण पेश गरेको कागजातको प्रतिलिपि, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु, नविकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वाफर्म दर्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न राख्नुपर्नेछ ।

३) दर्ता हुन आएका बोलपत्रहरु ३१औंदिन दिनको ०२:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४) बोलपत्रका साथ धरौटी वापत तपसिलमा उल्लेखित रकम यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको धरौटी खाता नं.१२८०१००३०३००००२ माजम्मा गरेको सक्कल भौचर वा बोलपत्रदाताले दाखिला गर्ने मितिले मान्य अवधि ७५ दिनको यस नगरपालिकाको नाममा जारी गरिएको जमानतपत्र संलग्न राख्नु पर्नेछ ।

५) बोलपत्रमा कबोल गरिएको दररेट अंक र अक्षर दुबैमा प्रष्टरुपमा लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ । कुनै महलमा दर उल्लेखगर्न छुट भएमा सो बोलपत्र मान्य हुने छैन । साथै सर्त रहेको, म्याद नाघी वा रित नपुगी पर्न आएका बोलपत्रहरु उपर कुनै कारवाहीहुने छैन ।

६) स्यानिटरी प्याड खरिद गर्दा स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसूची-१ स्यानिटरी प्याडको न्यूनतम मापदण्ड अनुसारहुनु पर्नेछ । बोलपत्रमा स्यानिटरी प्याड कुन कम्पनीको आपूर्ति गरिने हो, कम्पनीको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ । आपूर्ति हुने स्यानिटरी प्याडहरुको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, Batch No. तथा Supply for Lalbandi Mun. not for sell[of] सामान बिक्रीका लागि होइन) भनी लेखिएको हुनुपर्नेछ ।

७) बोलपत्र पेशगर्दा मूल्य अभिबृद्धिकर समेतको दररेट पेश गर्नुपर्नेछ । बोलपत्रमापेश गरेको मूल्य यस आ.व. का लागि भएकोले आगामी आषाढ मसान्त सम्म कुनै प्रकारको मूल्य बृद्धि दिइने छैन ।

८) कार्यालयमा स्यानिटरी प्याड दाखिला हुन आउँदा सम्म १८ महिनाको Expiry Date हुनुपर्नेछ । तर कुनै स्यानिटरी प्याडको जम्मा Expiry Date १८ महिना भन्दा कमहुने अवस्थामा जम्मा Expiry Date को ७५ प्रतिशत म्याद बाँकी हुँदा दाखिलागर्न सकिनेछ ।

९) कार्यालयसम्म सामान आपूर्ति गर्न लाग्ने ढुवानी तथा अन्य करहरु बोलपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ ।

१०) बोलपत्र स्वीकृत गर्ने वानगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

११) यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानूनबमोजिम हुनेछ । साथै बोलपत्र सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी वा फोन नं. ०४६-५०११०० मा सम्पर्क गरीबुझ्न सकिनेछ ।

| ठेक्का नं. | कामको विवरण | लगतअनुमान (भ्याट सहित) रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| NCB/Goods/ 29-2078/079 | स्यानिटरी प्याडखरिद कार्य | ३६,८२,०००।- | ९५,०००।- | |

**प्रमुख प्रशासकीय अधिकृत**